रुपा गाउँपालिका कास्की

## <u>प्रस्तावहरु:</u>

२०८१/०८२-१३।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१/०८२-१३।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१/०८२-१३।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१/०८२-१३।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१/०८२-१३।०५ स्रोतान्तर/रकमान्तर तथा स्रोत सुनिश्चितता सम्बन्धमा ।

२०८१/०८२-१३।०६ विशेष गाउँसभा सम्बन्धमा ।

२०८१/०८२-१३।०७ सवारी साधन व्यवस्थापन र दर्ता किताब नवीकरण सम्बन्धमा ।

२०८१/०८२-१३।०८ २ नं वडा कार्यालयको प्रशासकीय भवन सम्बन्धमा।

२०८१/०८२-१३।०९ रूपा गाउँपालिका सडक मापदण्ड सम्बन्धमा ।

२०८१/०८२-१३।१० स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा ।

२०८१/०८२-१३।११ विविध सम्बन्धमा ।

खर्च अनुमोदन सम्बन्धमा ।

अख्तियारी सम्बन्धमा ।

म्याद थप तथा सम्झौता सम्बन्धमा ।

बजेट व्यवस्थापन सम्बन्धमा ।

प्रमाणीकरण समिति गठन सम्बन्धमा ।

## <u>निर्णयहरु:</u>

### <u>कार्यपालिका निर्णय नं २०८१/०८२-१३।०१</u>

प्रस्ताव नं २०८१/०८२-१३।०१ उपर छलफल गर्दा १६३औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो ।

### <u>कार्यपालिका निर्णय नं २०८१/०८२-१३।०२</u>

प्रस्ताव नं २०८१/०८२-१३।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

### <u>कार्यपालिका निर्णय नं २०८१/०८२-१३।०३</u>

प्रस्ताव नं २०८१/०८२-१३।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१३।०४**

प्रस्ताव नं २०८१/०८२-१३।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

तपसिलः

जिल्ला प्रशासन कार्यालयद्वारा आयोजित सार्वजनिक सुनुवाइ

वित्तीय जोखिम मुल्याङ्कनका कास्की जिल्लामा उत्कृष्ठ अङ्क प्राप्त भएको र सोको सार्वजनीकीकरण कार्यक्रम

**कार्यपालिका निर्णय नं २०८१/०८२-१३।०५**

प्रस्ताव नं २०८१/०८२-१३।०५ उपर छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ को बजेट रकमान्तर/स्रोतान्तरका लागि वडा समितिको निर्णयसहित पेस भएका र अन्य योजना तथा कार्यक्रमहरू छलफल तथा अनुमोदन गरी रकमान्तर/स्रोतान्तरका लागि बिशेष गाउँसभामा पेस गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१३।०६**

प्रस्ताव नं २०८१/०८२-१३।०६ उपर छलफल गर्दा रूपा गाउँ कार्यपालिकाको मिति २०८१/१२/२९ को निर्णयानुसार मिति २०८२/१/२२ गते दिनको १ बजेदेखि सञ्चालन हुनेगरी आह्वान भएको विशेष गाउँसभा सफलतापुर्वक सम्पन गर्न गाउँ कार्यपालिका तथा समन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**.कार्यपालिका निर्णय नं २०८१/०८२-१३।०७**

प्रस्ताव नं २०८१/०८२-१३।०७ उपर छलफल गर्दा साविक थुम्की गाउँ विकास समितिको नाउँमा रहेको ग १ ब ५३५ नं को मोटरसाइकलको सवारी दर्ता प्रमाणपत्र हराएको हुदाँ नियमित नवीकरण भएको नदेखिएको । साथै उक्त साधन कार्यालय प्रयोजनमा प्रयोग भएकाले नवीकरणका लागि लाग्ने शुल्क बापतको रकम तिरी नवीकरण सहित सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपिको लागि गण्डकी प्रदेश सरकार भौतिक पुर्वाधार विकास तथा यातायात व्यवस्था कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१३।०८**

प्रस्ताव नं २०८१/०८२-१३।०८ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको २ नं वडा कार्यालयको प्रशासकीय भवनको निर्माण प्रक्रिया न्युन गतिमा अगाडि बढेकाले सोको लागि सम्बन्धित निर्माण व्यवसायीलाई ताकेता लगायतका प्रक्रियाहरू अगाडि बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१३।०९**

प्रस्ताव नं २०८१/०८२-१३।०९ उपर छलफल गर्दा पेस भएबमोजिम संशोधन गर्नुपर्ने रूपा गाउँपालिका कास्कीको सडक मापदण्ड स्वीकृत गरी आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

रुपा गाउँपालिका कास्की

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१३।१०</u>**

प्रस्ताव नं २०८१/०८२-१३।१० उपर छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ को लागि संघीय र प्रादेशिक सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँट र रोयल्टी सीमा तथा यस कार्यालयको राजस्व अनुमानका आधारमा स्रोत अनुमान तथा सीमा निर्धारण समितिद्वारा पेस भएबमोजिम तपसिलको स्रोत सीमा निर्धारण गरी कार्यान्वयनका लागि कार्यालयलाई निर्देशन दिने ।

तपसिलः

| | | | | |
|---|---|---|---|---|
| रूपा गाउँपालिका | | | | |
| गाउँ कार्यपालिकाको कार्यालय, कास्की | | | | |
| आ.व. २०८२/०८३ | | | शीर्षक: ८०१०४३३७३ | |
| सि.नं. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | अनुमानित आय |
| १ | संघीय सरकार समानिकरण अनुदान | | | ७६५००००० |
| | | न्युनतम अनुदान | ३००००००० | |
| | | सूत्रमा आधारित अनुदान | ४१७००००० | |
| | | कार्यसम्पादनमा आधारित अनुदान | ४८००००० | |
| २ | संघीय सरकार शसर्त अनुदान | | | १८७२००००० |
| | | चालु तर्फ | १८१७००००० | |
| | | पूजिंगत तर्फ | ५५००००० | |
| ३ | संघीय सरकार बिषेश अनुदान | | | १६५००००० |
| | | चालु तर्फ | १६५००००० | |
| | | पूजिंगत तर्फ | - | |
| ४ | संघीय सरकार समपुरक अनुदान | | | |
| | | चालु तर्फ | | १९६००००० |
| | | पूजिंगत तर्फ | १९६००००० | |
| ५ | संघीय सरकार राज्श्व बाँडफाँड | | | ७३२०४६८८ |
| | | एकमुष्ठ | ७३२०४६८८ | |
| ६ | गण्डकी प्रदेश सरकार समानिकरण अनुदान | | | ९३४१००० |
| | | न्युनतम अनुदान | ९३४१००० | |
| | | सूत्रमा आधारित अनुदान | | |
| ७ | गण्डकी प्रदेश सरकार राज्श्व बाँडफाँड | | | ८७३७००० |
| | | चालु तर्फ | ८७३७००० | |
| ८ | गण्डकी प्रदेश सरकार समपुरक अनुदान | | | |
| | | चालु तर्फ | | |

रुपा गाउँपालिका कास्की

| | | | | |
|---|---|---|---|---|
| | | पूजिंगत तर्फ | | |
| ९ | गण्डकी प्रदेश सरकार बिषेश अनुदान | | | |
| | | चालु तर्फ | | |
| | | पूजिंगत तर्फ | | |
| १० | जिल्ला समन्वय समिति मौज्दात कोष अनुदान | | | |
| | | आ.व. २०८१/८२ को अल्या | | १0000000 |
| | | आ.व. २०८२/८३ को अनुमान | १0000000 | |
| ११ | अन्तर सरकारी अख्तियारी | | | |
| | | | | |
| | | | | |
| १२ | अन्तरिक स्रोत गाउँपालिका तर्फ | | | |
| | | आ.व. २०८१/८२ को अल्या | ७३६४१४०० | |
| | | चालु आ.व. को अनुमान | ४४६६२२६८८ | |
| १३ | कुल अनुमानित स्वीकृत वार्षिक सिमा | | | ५२०२६४०८८ |

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१३।११</u>**

प्रस्ताव नं २०८१/०८२-१३।११ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) कास्की जिल्लामा सेवा प्रदायक गैर सरकारी संस्थाको रूपमा रहेको नौलो घुम्ती नेपालसँग उपभोक्ता समिति तथा समुदायबाट निर्माण हुने १२० मिटर लम्बाइका झौलुङ्गे निर्माण कार्यमा सामाजिक र प्राविधिक सेवाका लागि ३ वर्ष नबढ्नेगरी म्याद थप तथा सम्झौता गर्ने।

ख) रूपा गाउँपालिकाको ठेक्का नं 11/RUPA/NCB/WORKS/2081/2082 को गाउँपालिकाको प्रशासकीय भवन निर्माण लागि ठेक्का आह्वान भएकोमा निर्माण व्यवसायीहरूमध्ये RIPL-MCPL JOINT VENTURE लाई न्युनतम ,मुल्याङ्कित र सारभुतरूपमा प्रभावग्राही देखि मिति २०८२/०१/१८ मा आशयपत्र प्रकाशन गरिएकोमा रूपा गाउँपालिका कास्कीको खरिद नियमावली, २०८१ को दफा ७६ बमोजिम ५ करोड भन्दा बढिका योजनाको बोलपत्र स्वीकृत गर्ने अख्तियारी रूपा गाउँ कार्यपालिकालाई रहेको। सो योजनाको बोलपत्र स्वीकृति तथा सम्झौताका लागि तोकिएको समयमा गाउँ कार्यपालिकाको वैठक सञ्चालन समेत हुन नसक्ने सम्भावनालाई मध्यनजर गर्दै आगामी कार्यपालिकाबाट अनुमोदन हुनेगरी उल्लिखित योजनाको बोलपत्र स्वीकृत तथा सम्झौताको कार्यहरू गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १८ को उपदफा १ बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

ग) नेलम्बो नेपालसँगको सह लगानीमा रूपाकोट अस्पतालबाट आवधिक दन्त सेवा उपलब्ध गराउने ।

घ) शिवचण्डी मोटरबाटोको लागि थप ५० लाख व्यवस्थापनका लागि गाउँसभामा पेस गर्ने।

ङ) रूपा गाउँपालिका वडा नं ५ र पोखरा ३२ जोड्ने मोटरेवल पुल (बेलि ब्रिज)को जडानका लागि २५ प्रतिशत लागत साझेदारी वापतको रकम रु ५० लाख व्यवस्थापनका लागि गाउँसभामा पेस गर्ने।

च) रामकोट रामदी मोटरबाटोको लागि थप बजेट व्यवस्थापनका लागि गाउँसभामा पेस गर्ने ।

छ) कपासे खेल मैदान रूपा ७ को शीर्षमा विनियोजित रकम रू १ लाख शीर्षकान्तर गरी कपासे खेल मैदान जाने बाटो कायमको लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

ज) अपाङ्गता भएका व्यक्तिहरूको आयआर्जन वृद्धिका लागि वडा नं ७ निवासी अमृत गुरूङले तरकारी खेती र नर्सरी व्यवस्थापनमा उल्लेखनीय योगदान पुर्याएको देखिएको र निजको निवेदनका सहित वडाको सिफारिसका आधारमा निजलाई बढीमा ३० हजार भुक्तानी दिने ।

झ) रूपा गाउँपालिका वडा नं ५ मा रहेको गैह्रागाउँ खडागाउँ सिँडिबाटो निर्माणका लागि चालु आर्थिक वर्षमा कार्यान्वयन हुनेगरी विनियोजित रकम अपुग भएको भनी निवेदन सहित कागजात पेस गरेकाले कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षकबाट खर्च लेख्नेगरी रकम रू ५० हजार थप गर्ने निर्णय गरियो ।

ञ) रूपा गाउँपालिका वडा नं १ काफलडाँडामा रहेको काफलडाँडा सितलदेवी मन्दिर मर्मत योजना सञ्चालनका लागि कार्यपालिकाको निर्णयबाट हुने पूँजीगत खर्च शीर्षक अन्तर्गत बढिमा १ लाख खर्च हुनेगरी योजना अगाडि बढाउने निर्णय गरियो ।

ट) रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८१/०८२ को लागि सञ्चालन मौरी प्रवर्धन कार्यक्रम अन्तर्गत गाउँपालिकाबाट खरिद गरी वितरण गरिएका गोला सहितको मौरी घार तोकिएको स्पेसिफिकेसन अनुसार भए, नभएको निरिक्षण गरी सोको प्रतिवेदन पेस गर्ने र तपसिल बमोजिमका सदस्यहरू रहने गरी अनुगमन तथा प्रमाणीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१. संयोजकः लालसुब्बा गुरूङ उपाध्यक्ष रुपा गाउँपालिका कास्की ।
२. सदस्यः लोकनाथ पौडेल प्रशासकीय अधिकृत रूपा गाउँपालिका कास्की ।
३. सदस्यः अभिनव गौतम इन्जनियर रूपा गाउँपालिका कास्की ।
४. सदस्यः मदन पौडेल, वन प्राविधिक, BACHELOR IN FORESTRY
५. सदस्यः सुर्यप्रसाद लामिछाने मौरी विज्ञ तथा व्यवसायी
६. सदस्यः राजेन्द्र न्यौपाने मौरीपालक कृषक
७. सदस्य सचिवः प्रकाश धानुक नाप्रास कृषि विकास शाखा ।

मिति २०८१ बैशाख २२ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(चिरन्जीवी बराल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की